ISSN: 3021-923X
Print

ISSN: 3021-9248
Online







# CTEVT

## NEWS BULLETIN

२०८०	वर्षः २१	अङ्कः २

### यस अङ्कका आकर्षण

सम्पादकीय
समाचार तथा गतिविधि
महाशाखा गतिविधि
प्रदेश गतिविधि
परियोजना गतिविधि
शिक्षालयको परिचय
सफलताको कथा

## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

सानोठिमी, भक्तपुर, फोन नं. ०१-६६३०४०८, ६६३०७६९, इमेलः research@ctevt.org.np, वेबसाइटः www.ctevt.org.np




**सल्लाहकार**

श्री खगेन्द्र प्रसाद अधिकारी

ई. महेश भट्टराई

**सम्पादक मण्डल**

श्री भुवनेश्वर ढुङ्गाना

श्री एकराज अधिकारी

श्री सीमा कुमारी श्रेष्ठ

**कम्प्यूटर डिजाइन**

ई. संगम गौतम

**समन्वय तथा योगदान**

श्री पूर्णभक्त डंगोल

श्री देवदत्त बडू

**प्रकाशक**

सूचना तथा अनुसन्धान महाशाखा

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

सानोठिमी, भक्तपुर

पो.ब.नं. ३५४६, काठमाण्डौ

फोन नं. ०१-५६३९४५१, ६६३०४०८

इमेल : research@ctevt.org.np

वेबसाइट : www.ctevt.org.np

प्रकाशन मितिः २०८० कार्तिक

# सम्पादकीय

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमलाई सुव्यवस्थित र स्तरयुक्त गर्न एवं त्यस्ता तालीम दिने विभिन्न निकायहरूका बीच समन्वय कायम गर्न तथा सीपको स्तर निर्धारण गर्न एवं प्रमाणीकरण गर्नको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को स्थापना भएको हो । वि.सं. २०४५ मा स्थापना भएको परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हो । स्थापना कालदेखि हालसम्म परिषद्ले विभिन्न विधा र पेशामा आधारभूत तथा मध्यमस्तरीय दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्दै आइरहेको छ ।

समयक्रमसँगै परिषद्को संस्थागत संरचनामा पनि व्यापक विस्तार भएको छ । हालसम्म परिषद्का ६५ वटा आङ्गिक शिक्षालयहरू स्थापना भई सञ्चालनमा आएका छन् । साथै ७ वटै प्रदेशमा परिषद्का प्रदेश कार्यालयहरू समेत सञ्चालित छन् । केन्द्रीय कार्यालयका अतिरिक्त परिषद् अन्तर्गत अर्धस्वायत्त निकायको रूपमा प्राविधिक प्रशिक्षण प्रतिष्ठान, राष्ट्रिय सीप परीक्षण समिति र परीक्षा नियन्त्रण कार्यालय सञ्चालित छन् । परिषद्मा ९३२ जना कर्मचारीको स्थायी दरबन्दी रहेको छ । त्यसैगरी परिषद्को आ.व. २०८०/०८१ को कार्यक्रम तथा बजेटमा २,१४६ जना सेवा करारका लागि स्वीकृति पाएको छ ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले गत आर्थिक वर्षमा गरेका कामको समीक्षा गरी भावी रणनीति तय गर्ने हेतुले हरेक वर्ष व्यवस्थापन समीक्षा गोष्ठीको आयोजना गर्दै आएको छ । यो गोष्ठीलाई प्रिन्सिपल कन्फरेन्सका नामले समेत चिनिने गरिन्छ । साविकको शिक्षा मन्त्रालय अन्तर्गत रहेको प्राविधिक तथा व्यावसायिक शिक्षा विकास निर्देशनालय भएका बखतबाट नै आयोजना गर्न शुरू गरिएको यो गोष्ठीलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को स्थापना पश्चात पनि निरन्तरता दिइएको छ । यसै क्रममा परिषद्ले २०८० आश्विन २४ गतेदेखि २६ गतेसम्म ४१ औं व्यवस्थापन समीक्षा गोष्ठीको आयोजना गऱ्यो ।

परिषद्ले प्रदान गर्ने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन व्यवस्थापन समीक्षा गोष्ठीको महत्वपूर्ण भूमिका रहन्छ । यो गोष्ठीले विभिन्न शिक्षालय, कार्यालय तथा परियोजनाले सम्पादन गरेका कार्यको समीक्षा गर्ने, कमी कमजोरीहरू केलाउने, समस्या समाधानका उपायहरू छलफल गर्ने, अरूका अनुभवहरूबाट सिक्ने, भावी कार्यदिशाका लागि सुझाव प्रदान गर्ने र राम्रा अभ्यासहरू आदानप्रदान गर्ने अवसर प्रदान गर्दछ । यसले परिषद्लाई सेवाको गुणस्तर अभिवृद्धि गर्न, रणनीतिक योजना तयार गर्न, साधन श्रोतको प्रभावकारी बाँडफाँड गर्न, श्रम बजारको माग अनुसार पाठ्यक्रम निर्माण तथा परिमार्जन गर्न र विद्यार्थीको शैक्षिक उपलब्धिलाई थप प्रभावकारी बनाउन मद्दत गर्दछ । हरेक शिक्षालय तथा कार्यालयले आफ्नो समीक्षा गर्नु जरुरी हुन्छ । त्यसपछि प्रादेशगत हुँदै संघीय तहमा समीक्षा गर्दा थप प्रभावकारी हुन्छ । नयाँ आर्थिक वर्षको नीति तथा कार्यक्रम समीक्षामा आधारित बनाउन सके समीक्षा गोष्ठी अझै बढी फलदायी हुने देखिन्छ ।

अन्तमा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट सम्पादन भएका विभिन्न कार्यक्रमहरूको बारेमा सरोकारवालाहरूलाई सुसूचित गराउने उद्देश्यका साथ त्रैमासिक सिटिइभिटी समाचार बुलेटिनको नयाँ अङ्क प्रकाशन गरेका छौं । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम सम्बन्धी समाचार तथा गतिविधि, शिक्षालयको परिचय, सफलताको कथा लगायतका विषयवस्तु समेटेर तयार गरिने सिटिइभिटी समाचार बुलेटिनलाई अझ बढी पठनीय र जानकारीमूलक बनाउन आम पाठक वर्गबाट रचनात्मक सुझाव तथा पृष्ठपोषणको अपेक्षा गर्दछौं । साथै प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम सम्बन्धी सन्देशमूलक सामग्री तथा गतिविधिहरू नियमितरूपमा उपलब्ध गराई सहयोग गरिदिनुहुन सरोकारवाला सबैमा हार्दिक अनुरोध गर्दछौं ।

# परिषद्को ४१ औं व्यवस्थापन समीक्षा गोष्ठी सम्पन्न

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को ४१ औं व्यवस्थापन समीक्षा गोष्ठी परिषद्का उपाध्यक्ष श्री खगेन्द्र प्रसाद अधिकारीको अध्यक्षतामा ५ बुँदे प्रतिबद्धता-पत्र जारी गर्दै सम्पन्न भएको छ । गोष्ठी गत आश्विन २४ गतेदेखि २६ गतेसम्म काभ्रेपलाञ्चोक जिल्लाको बनेपा र धुलिखेलमा सञ्चालन भएको थियो । गोष्ठीमा परिषद्का ६५ वटा आङ्गिक शिक्षालयका प्रमुखहरू, ७ वटा प्रदेश कार्यालयका निर्देशकहरू, परियोजनाका प्रमुखहरू, परिषद् अन्तर्गत अर्धस्वायत्त रूपमा सञ्चालित प्रतिष्ठान/समिति/कार्यालयका प्रमुखहरू, परिषद् अन्तर्गत विभिन्न महाशाखाका निर्देशक, उप-निर्देशक, कर्मचारी तथा ट्रेड यूनियनका प्रतिनिधिहरूको सक्रिय सहभागिता रहेको थियो ।

गोष्ठीको उद्घाटन प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का अध्यक्ष तथा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री अशोक कुमार राईज्यूले गर्नु भएको थियो। तीन दिने गोष्ठीको उद्घाटन सत्रमा शुभकामना मन्तव्य दिनु हुँदै माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यूले देश विकासमा परिषद्को भूमिका महत्वपूर्ण रहेको चर्चा गर्दै गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमको सुनिश्चितता गर्नु पर्ने आवश्यकता औंल्याउनु भयो । वहाँले प्रशिक्षार्थीहरूलाई सीप र ज्ञान सिकाउनका साथै मानवीय मूल्य तथा राष्ट्र प्रेमको भावना जागृत गराउन आवश्यक भएको बताउनु भयो। सबैलाई जिम्मेवार भई ईमान्दारीपूर्वक काम गर्न अनुरोध गर्दै वहाँले गोष्ठीको सफलताका लागि शुभकामना व्यक्त गर्नु भयो ।

गोष्ठीमा परिषद् र अन्तर्गतका शिक्षालय/परियोजना/कार्यालयहरूले हालसम्म सम्पादन गरेका कार्यहरू तथा उपलब्धिहरू, भोगिरहेका समस्या तथा चुनौतीहरू र समस्या समाधानका उपायहरूको बारेमा छलफल भएको थियो । शिक्षालयहरूको वस्तुस्थितिको बारेमा समीक्षात्मक प्रस्तुतीकरण सम्बन्धित प्रदेश कार्यालयबाट र परिषद् केन्द्रीय कार्यालयमा रहेका महाशाखाहरूको नीति निर्माण तथा योजना महाशाखाबाट एकीकृत प्रस्तुतीकरण गरिएको थियो । यसका अतिरिक्त परिषद् अन्तर्गत अर्धस्वायत्त रूपमा सञ्चालित परीक्षा नियन्त्रण कार्यालय, प्राविधिक प्रशिक्षण प्रतिष्ठान र राष्ट्रिय सीप परीक्षण समितिका साथै नेपाल व्यावसायिक योग्यता प्रणाली (NVQS) परियोजना, दिगो तथा सम्मानित रोजगारीका लागि सीप (ENSSURE) परियोजना र युवाहरूका लागि गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम (QualiTY) परियोजनाबाट समेत छुट्टाछुट्टै प्रस्तुतीकरण भएको थियो। सबै प्रस्तुतीकरणहरूबाट आएका विषयवस्तुलाई आधार बनाई समस्याको पहिचान तथा विश्लेषण र समाधानका उपाय सुझाउन सबै सहभागीहरूलाई ७ वटा समूहमा बिभाजन गरी छलफल तथा प्रस्तुतीकरण समेत गरिएको थियो ।



### समीक्षा गोष्ठीमा जारी प्रतिबद्धतापत्र

१. पाठ्यक्रमहरूलाई दक्षतामा आधारित मोड्युलर ढाँचामा रुपान्तरण प्रक्रिया तत्काल शुरु गरी क्रमशः लागू गर्ने ।

२. विधागत औद्योगिक प्रतिष्ठानसँग परिषद् कार्यालय, प्रदेश कार्यालय र शिक्षालयहरूबीच सहकार्यका लागि संरचना तयार गर्ने ।

३. संघीयताको मर्म र भावना अनुसार प्रदेश कार्यालयहरूलाई आवश्यक दक्ष जनशक्ति र स्रोत साधनको उपलब्धता सुनिश्चित गरी अधिकार सम्पन्न बनाउने ।

४. सेवा करारमा कार्यरतहरूका लागि महंगी भत्ता लगायतका सेवा सुबिधाहरू उपलब्ध गराउन परिषद्मा नीतिगत निर्णयको लागि पहल गर्ने ।

५. परिषद्, कर्मचारी सेवा, शर्त तथा सुबिधा सम्बन्धी विनियमावली, २०६९ (संशोधनसहित) बमोजिम पदपूर्ति प्रक्रियालाई नियमित गरी कर्मचारीको क्षमता विकास, सरुवा र कार्य जिम्मेवारी सम्बन्धमा कार्य योजना बनाई लागू गर्ने ।




# पुनर्योगका लागि अब अनलाइनबाटै आवेदन दिन सकिने

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरले डिप्लोमा/प्रमाणपत्र तहका सम्पूर्ण कार्यक्रमहरूको प्रकाशित नतिजामा सम्बन्धित परीक्षार्थीले चित्त नबुझाई पुनर्योग (Retotaling) गराउन चाहेमा नतिजा प्रकाशन भएको मितिको भोलिपल्ट देखि २१ दिन सम्म ITMS Online मार्फत पुनर्योगको फाराम भर्ने व्यवस्था मिलाएको छ । यसका लागि परिक्षार्थीले परीक्षा नियन्त्रण कार्यालयको वेबसाइट www.ctevtexam.org.np मा गई Retotaling Request मा Click गरी पुनर्योग गराउन चाहेका विषयहरू उल्लेख गरी Online Form भर्नु पर्नेछ । हाल डिप्लोमा/प्रमाणपत्र तहका कार्यक्रमहरूको हकमा पुर्नयोगका लागि प्रति विषय रु. ५०० शुल्क तोकिएको छ । परिक्षार्थीले तोकिएको शुल्क Online प्रणालीबाट भुक्तानी गर्ने व्यवस्था समेत मिलाइएको छ ।

पुनर्योगका लागि Online प्रणाली कार्यान्वयनमा आए पश्चात् प्रशिक्षार्थीहरूलाई सेवा लिन थप सहज भएको छ । यस अघि डिप्लोमा/प्रमाणपत्र तहका पुनर्योग गराउन चाहने प्रशिक्षार्थीहरूले परीक्षा नियन्त्रण कार्यालय वा तोकिएको अन्य कार्यालयमा भौतिक रूपमा उपस्थित भई आवेदन दिनु पर्ने बाध्यता थियो । पुनर्योगका लागि Online प्रणाली कार्यान्वयनमा आएसँगै परीक्षार्थीहरूका अतिरिक्त कर्मचारीहरूको समेत समय तथा श्रोतसाधनको बचत भएको छ । यसले नतिजा प्रकाशन कार्यलाई व्यवस्थित ढंगले समयमै सम्पन्न गर्न मद्दत पुऱ्याउने छ। परीक्षा नियन्त्रण कार्यालयले निकट भविष्यमै प्रि-डिप्लोमा तहका कार्यक्रमहरूमा समेत Online प्रणालीबाट पुनर्योग गर्न सकिने व्यवस्था मिलाउने तयारी गरिरहेको छ ।

# समकक्षता प्रमाणपत्रको आवेदन अनलाइन माध्यमबाटै

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण महाशाखाले डिप्लोमा/प्रमाणपत्र तह र प्रि-डिप्लोमा तहको स्वदेश तथा विदेशमा अध्ययन पूरा गरेका व्यक्तिहरूका लागि समकक्षता प्रमाणपत्रको आवेदन अनलाइन माध्यामबाट पेश गर्न सक्ने गरी सेवा शुरु गरेको छ । आ.व. २०८०/०८१ को शुरुवातसँगै यो सेवा संचालनमा आएको हो ।

आवेदन फाराम https://itms.ctevt.org.np:5580/equivalence वा ctevt.org.np मा भएको Quick Links मा गई Equivalence System मा क्लिक गरेर अथवा यहाँ दिइएकोको QR Code स्क्यान गरी प्राप्त निर्देशन बमोजिम पेश गर्न सकिन्छ । पहिलो पटक आवेदन पेश गर्दा अनलाइन प्रणालीमा रजिष्टर गर्नु पर्ने हुन्छ । रजिष्टर गरे पश्चात सेवाग्राहीले आफ्नो Username र Password प्राप्त गर्न सक्नेछन् ।

यो सेवा लागू हुनु आगाडि आवेदन पेश गर्न सेवाग्राही परिषद् केन्द्रीय कार्यालायमा नै जानु पर्ने, आवेदन शुल्क बैंकमा भौतिक रूपमा उपस्थित भएर मात्र बुझाउन सकिने र प्रमाणपत्रको लागि केही दिन कुर्नु पर्ने बाध्यता थियो । अनलाइन सेवा शुरु भएसँगै आवेदन स्वीकृत भएका सेवाग्राहीहरूले समकक्षताको प्रमाणपत्र सोही दिन नै प्राप्त गर्न सक्नेछन् र आवेदन शुल्क पनि अनलाइन प्रणालीबाट नै बुझाउन सक्नेछन् । तर विदेशमा अध्ययन पूरा गरी नेपालमा पहिलो पटक पेश हुन आएका विश्वविद्यालय/बोर्ड/संस्थाहरू तथा कार्यक्रमहरूको हकमा भने केही प्रक्रिया पूरा गर्नु पर्ने हुँदा सो का लागि सेवाग्राही भौतिक रुपमा नै उपस्थित हुनु पर्ने छ ।

# इन्सेक र परिषद्बीच सम्झौता सम्पन्न

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बीच प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम क्षेत्रका प्रशिक्षार्थी, प्रशिक्षक तथा कर्मचारीहरूलाई मानव अधिकार तथा सामाजिक न्याय सम्बन्धी निःशुल्क तालीम प्रदान गर्ने, पाठ्यक्रम विकास तथा परिमार्जन गर्ने उद्देश्यले २०८० साउन १९ गते सम्झौता भएको छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कार्यालय, सानोठिमी, भक्तपुरमा आयोजित एक कार्यक्रममा अनौपचारिक क्षेत्र सेवा केन्द्रको तर्फबाट इन्सेकका अध्यक्ष डा. कुन्दन अर्यालले र परिषद्को तर्फबाट उपाध्यक्ष श्री खगेन्द्र प्रसाद अधिकारीले सम्झौतामा हस्ताक्षर गर्नु भएको थियो ।

सम्झौतामा उल्लेख भए अनुसार दुवै पक्षहरूले एक आपासमा सम्पर्क तथा समन्वय गर्नका लागि सम्पर्क व्यक्ति (focal person) तोक्नेछन् । परिषद् अन्तर्गत सम्झौताको कार्यान्वयन पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण महाशाखाबाट हुने व्यहोरा सम्झौतामा उल्लेख गरिएको छ । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा अभियान सञ्चालन, सचेतनामूलक कार्यक्रमको आयोजना, तालीम कार्यक्रम सञ्चालन, अध्ययन अनुसन्धान तथा बहस पैरवी गर्दै आएको छ ।



# नीति निर्माण तथा योजना महाशाखा

## १. ५९ करोड ३० लाख व्ययभार हुनेगरी आन्तरिक स्रोततर्फको कार्यक्रम बजेट स्वीकृत

(क) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को सङ्घीय कार्यालयतर्फ रु. ४९ करोड ३९ लाख र प्रदेश तर्फ रु. ९ करोड ९१ लाख रकम परिषद्को आन्तरिक स्रोतबाट व्ययभार हुनेगरी कार्यक्रम तथा बजेट स्वीकृत भएको छ। गत आर्थिक वर्षका लागि परिषद्को आन्तरिक स्रोततर्फ रु. १ अर्ब १० करोड १४ लाख रकमको कार्यक्रम बजेट स्वीकृत भएको थियो ।

(ख) चालु आर्थिक वर्षका लागि आन्तरिक स्रोतसमेत हुनेगरी परिषद् संरचनाको कुल बजेट रु. ६ अर्ब ४७ करोड ८२ लाख रहेको छ। सोही कार्यका लागि गत आर्थिक वर्षको बजेट रु. ७ अर्ब थियो ।

## २. कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०/८१ निर्माण

(क) चालु आर्थिक वर्ष २०८०/८१ को कार्यक्रम कार्यन्वयनलाई प्रभावकारी बनाउनका लागि कार्यक्रम कार्यान्वयन कार्यविधिको मस्यौदा पेश गर्न नीति निर्माण तथा योजना महाशाखाका निर्देशकको संयोजकत्वमा एक कार्यटोली बनाइएकोमा उक्त कार्यटोलीले आफ्नो प्रतिवेदन परिषद् कार्यालयसमक्ष पेश गरिसकेको छ ।

## ३. मन्त्रालयगत बजेट तथा कार्यक्रम अनुगमन प्रणाली सम्बन्धी अभिमुखीकरण

(क) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आफू मातहतका निकायहरूको अनुगमन प्रणालीलाई सबलीकरण गर्नका लागि विकास गरेको बजेट तथा कार्यक्रम विनियोजन र प्रगति विवरण सम्बन्धी विद्युतीय प्रणालीको प्रयोगका सम्बन्धमा परिषद् मातहतका केन्द्रीय स्तरका कार्यालयहरू परिषद् केन्द्रीय कार्यलय, राष्ट्रिय सीप परीक्षण समिति, प्राविधिक प्रशिक्षण प्रतिष्ठान, परीक्षा नियन्त्रण कार्यालय र स्वीस सरकारको सहयोगमा सञ्चालित परियोजनाहरूका लेखा प्रमुखहरूसमेतको सहभागितामा अन्तरक्रिया गरिएको थियो ।

(ख) यस आर्थिक वर्षदेखि केन्द्रीय स्तरका कार्यालयले मन्त्रालयले विकास गरेको उक्त विद्युतीय प्रणालीमा (https://monitoring.moest.gov.np) आफ्नो कार्यालयको तर्फबाट त्रैमासिक अवधिमा कार्यालयले सम्पादन गरेका क्रियाकलापहरूको भौतिक तथा वित्तीय प्रगतिका विवरणहरू प्रविष्टी गर्नु पर्नेछ ।

(ग) मन्त्रालयले विकास गरेको बजेट तथा कार्यक्रम विनियोजन र प्रगति विवरण सम्बन्धी विद्युतीय प्रणालीलाई यही आर्थिक वर्षमा नै परिषद् मातहतका सबै प्रदेश कार्यालय र शिक्षालयहरूलाई समेत क्रमशः आबद्ध गराउँदै लैजाने विषयमा समेत छलफल गरिएको थियो ।

# परीक्षा नियन्त्रण कार्यालय

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरबाट आ.व. २०८०/०८१ को पहिलो त्रैमासिकमा सम्पादन भएका मुख्य कार्यहरू निम्नानुसार रहेका छन् ।

### (क) प्रवेश परीक्षा सम्बन्धमाः

१. शैक्षिक सत्र २०८०/०८१ का लागि डिप्लोमा/प्रमाणपत्र, प्रि-डिप्लोमा तहका नियमित र प्रि-डिप्लोमा तहका औद्योगिक प्रशिक्षार्थी कार्यक्रम संचालनका लागि भर्ना सम्बन्धी निर्देशिकाहरू निर्माण गरिएको ।

२. डिप्लोमा/प्रमाणपत्र तह र प्रि-डिप्लोमा तहको प्रवेश परीक्षाको पूर्ण शुल्कीय तथा वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फको सूचना प्रकाशन गरिएको ।

३. डिप्लोमा/प्रमाणपत्र तह र प्रि-डिप्लोमा तहका प्राविधिक शिक्षामा विशेष छात्रवृत्तिका विभिन्न कार्यक्रमहरूको प्रवेश परीक्षाको सूचना प्रकाशन गरिएको ।

४. प्रि-डिप्लोमा तहका औद्योगिक प्रशिक्षार्थी कार्यक्रमहरूको प्रवेश परीक्षाको सूचना प्रकाशन गरिएको ।

५. शैक्षिक सत्र २०८०/०८१ का लागि डिप्लोमा/प्रमाणपत्र, प्रि-डिप्लोमा तहका नियमित र प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रम तथा प्रि-डिप्लोमा तहका औद्योगिक प्रशिक्षार्थी कार्यक्रम संचालनका लागि प्रवेश परीक्षा संचालन,

परीक्षा केन्द्र कायम गर्ने, प्रश्नपत्र व्यवस्थापन गर्ने, उप-समिति र कार्यटोलीहरू निर्माण गर्ने, नतिजा प्रकाशन गराउन निर्देशिकाको प्राबधान बमोजिम सम्बन्धित परिषद्, प्रदेश कार्यालयहरू र शिक्षण संस्थाहरूसँग समन्वय गर्ने कार्य सम्पन्न गरेको ।

६. भर्ना र रजिष्ट्रेशन प्रक्रिया गर्दा लामो समय लाग्ने गरेकाले प्रवेश परीक्षाको नतिजा प्रकाशन पश्चात भर्ना र रजिष्ट्रेशन फाराम एकै पटक भर्ने व्यवस्था गरिएको ।

## (ख) नतिजा प्रकाशन सम्बन्धमा:

१. डिप्लोमा/प्रमाणपत्र तह तेस्रो वर्ष दोस्रो खण्डको नतिजा प्रकाशन भएको ।

२. डिप्लोमा/प्रमाणपत्र तह दोस्रो वर्षको नतिजा प्रकाशन भएको ।

३. प्रि-डिप्लोमा तहको आंशिक तर्फको नतिजा प्रकाशन भएको ।

४. डिप्लोमा/प्रमाणपत्र तहको तेस्रो वर्ष र तेस्रो वर्ष दोस्रो खण्डमा एक विषयको मौका परीक्षाको नतिजा प्रकाशन भएको ।

५. डिप्लोमा/प्रमाणपत्र तह प्रथम वर्ष र प्रथम वर्ष दोस्रो खण्डको नतिजा प्रकाशन भएको ।

## (ग) छात्रवृत्ति सम्बन्धमा:

१. डिप्लोमा/प्रमाणपत्र तह र प्रि-डिप्लोमा तहमा छात्रवृत्ति कोटा संख्याको विवरण देहाय बमोजिम रहेको छ ।

| क्रं. सं. | तह | कार्यक्रम विषय संख्या | कोटा संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | डिप्लोमा/प्रमाणपत्र तहका विभिन्न कार्यक्रमहरूको वर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटा | ३२ | ३६७२ | |
| २. | प्रि-डिप्लोमा तहका विभिन्न कार्यक्रमहरूको वर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटा | १८ | १८३० | |
| ३. | डिप्लोमा/प्रमाणपत्र तहका विशेष छात्रवृत्ति कार्यक्रमहरूको कोटा (८० पालिका समेत) | १० | ४०० | |
| ४. | प्रि-डिप्लोमा तहका विशेष छात्रवृत्ति कार्यक्रमहरूको कोटा (८० पालिका समेत) | ५ | २०० | |
| ५. | प्रि-डिप्लोमा तहका औद्योगिक प्रशिक्षार्थी कार्यक्रमहरू | ८ | १९१० | |



# प्राविधिक प्रशिक्षण प्रतिष्ठान

प्राविधिक प्रशिक्षण प्रतिष्ठान (TITI) ले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमको क्षेत्रमा कार्यरत प्रशिक्षक, पाठ्यक्रम निर्माता, व्यवस्थापकहरूका लागि विभिन्न विषयमा क्षमता विकासका तालीम कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यही मिति २०८०/०५/०७ गते बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, हेटौंडा र प्राविधिक प्रशिक्षण प्रतिष्ठान, सानोठिमी, भक्तपुरका बीच शैक्षिक परामर्शदाता तालीम (Educational Counsellor Training) सञ्चालन गर्न द्विपक्षीय सम्झौता भएको छ। त्यसैगरी मिति २०८०/०६/१८ गतेका दिन सुदूरपश्चिम प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, धनगढी, राष्ट्रिय सीप परीक्षण समिति, सानोठिमी र प्राविधिक प्रशिक्षण प्रतिष्ठान, सानोठिमीका बीच सीप परीक्षण मूल्याङ्कनकर्ता (Skill Test Assessor) तालीम सञ्चालन गर्ने सम्बन्धमा त्रिपक्षीय सम्झौता भएको छ । चालु आ.व. २०८०/०८१ को पहिलो त्रैमासिक अवधिमा प्रतिष्ठानले सञ्चालन गरेका तालीम कार्यक्रम सम्बन्धी विवरण निम्नानुसार रहेको छ ।

| क्र.सं. | तालीम कार्यक्रम | सहभागी | | जम्मा सहभागी | जम्मा तालीम कार्यक्रम संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | | |
| १. | प्रशिक्षण | १३५ | १५२ | २८७ | १४ | |
| २. | पाठ्यक्रम | ० | ० | ० | ० | |
| ३. | व्यवस्थापन | ३७ | ३ | ४० | २ | |
| ४. | सामुदायिक विकास तथा पेशागत सीप अभिवृद्धि | ९ | १ | १० | १ | |
| ५. | इ-लर्निङ्ग | २५ | २० | ४५ | २ | |
| **जम्मा** | | २०६ | १७६ | ३८२ | १९ | |

प्रशिक्षण कार्यक्रम अन्तर्गत १४ वटा तालीम कार्यक्रमहरूमध्ये Training of Trainers (TOT) ६ समूहमा, Instructional Skills (IS–I) ४ समूहमा, Educational Counsellor Training (ECT) ३ समूहमा र Study Skills १ समूहमा सञ्चालन भएको थियो । व्यवस्थापन कार्यक्रम अन्तर्गत TVET Induction Training र Supervision of Instruction (SOI) सञ्चालन भएका थिए । पेशागत सीप अभिवृद्धि कार्यक्रम अन्तर्गत Occupational Skills Upgrading in Barista सञ्चालन भएको थियो । इ-लर्निङ्ग कार्यक्रम अन्तर्गत Basic Audio Video Editing (BAVE) Training र Computer Application Training (CAT–1) सम्पन्न भएका थिए ।



# कर्णाली प्रदेश कार्यालय

## अभिमुखीकरण कार्यक्रम सम्पन्न

कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालय, परिषद् कर्णाली प्रदेश कार्यालय र नेपाल व्यावसायिक योग्यता प्रणाली, कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर, सुर्खेतको संयुक्त आयोजनामा पूर्व सिकाइको मान्यता (Recognition of Prior Learning – RPL) सम्बन्धी एक दिने अभिमुखीकरण कार्यक्रम २०८० आश्विन १७ गते सञ्चालन गरिएको थियो । कर्णाली प्रदेश, सामाजिक विकास मन्त्रालयका सचिव डा. भोजराज काफ्लेको अध्यक्षता तथा परिषद् कर्णाली प्रदेश कार्यालयका निर्देशक श्री हेमन्त पराजुलीको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा सामाजिक विकास मन्त्रालयका विभिन्न महाशाखा एवं शाखा प्रमुखहरू र परिषद् कर्णाली प्रदेश कार्यालयका कर्मचारीहरूको उपस्थिति रहेको थियो। अभिमुखीकरण कार्यक्रममा परिषद् कर्णाली प्रदेश कार्यालयका प्राविधिक अधिकृत श्री ईश्वर रिमालले पूर्व सिकाइको मान्यता सम्बन्धी प्रस्तुतीकरण गर्नु भएको थियो । कार्यक्रमको समापन सत्रलाई सम्बोधन गर्दै कर्णाली प्रदेश, समाजिक विकास मन्त्रालयका सचिव डा. भोजराज काफ्लेले पूर्व सिकाइको मान्यता महत्वपूर्ण उपलब्धी भएको चर्चा गर्दै अरीतिक वा अनियमित (informal) ढंगले सीप सिकेका प्रदेश भरी रहेका जनशक्तिको सीप परीक्षण गराउन सके उनीहरूको सीपको सम्मान हुनका साथै रोजगारीमा समेत टेवा पुग्न गई प्रदेशको उत्पादकत्व वृद्धि हुने विश्वास व्यक्त गर्नु भएको थियो । कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयको सभाहलमा आयोजना गरिएको उक्त कार्यक्रममा १९ जनाको सहभागिता रहेको थियो ।




## अनुरोध

CTEVT News Bulletin मा वर्ष १९ अङ्क १ देखि सफलताको कथा र शिक्षालय परिचय सम्बन्धी नियमित स्तम्भ प्रकाशन हुँदै आएकोले परिषद्बाट सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम कार्यक्रमबाट प्रशिक्षित भई अरूलाई प्रेरणा दिने खालका सफलताका कथाहरू र प्राविधिक शिक्षालयको संक्षिप्त परिचय झल्कने लेख तथा फोटाहरू सूचना तथा अनुसन्धान महाशाखाको इमेल ठेगाना research@ctevt.org.np मा उपलब्ध गराई दिनुहुन हार्दिक अनुरोध गर्दछौं । - सम्पादक मण्डल

# नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना

## १) पूर्व सिकाइको मान्यताका लागि परामर्श सम्पन्न

व्यक्तिहरूको विगतको कार्य अनुभवहरूको आधारमा सीप प्रमाणित गर्ने विधिलाई पूर्व सिकाइको मान्यता (Recognition of Prior Learning - RPL) भनी बुझिन्छ । यस विधिमा परामर्श एक महत्वपूर्ण चरण हो । यसमा विशेष गरी अनौपचारिक, अतिरिक्त सिकाइ तथा अनुभव प्राप्त गरेका व्यक्तिहरूले सीप परीक्षणमा सहभागी हुन आवेदन दिएका हुन्छन् । आवेदकले चाहे अनुसारको योग्यताको बारेमा जानकारी गराउनु र सीप प्रमाणिकाको आधारमा उनीहरूले थप सिक्नुपर्ने सीपलाई समेत जानकारी गराई सीप परीक्षणमा सहभागी गराउन उत्प्रेरणा प्रदान गर्नु  परामर्श कार्यको मुख्य उद्देश्य रहेको हुन्छ ।

चालु आ.व. को प्रथम त्रैमासिकमा गण्डकी, लुम्बिनी र मधेश प्रदेशमा देहायका पेशामा आवेदकहरूका लागि परामर्श कार्य आयोजना गरिएको थियो, जसबाट कूल १,२०८ जना आवेदकहरू लाभान्वित भएका छन् । परामर्श प्रदान गर्ने कार्य जम्मा ८ वटा प्रमाणीकृत सीप परीक्षण केन्द्रहरूमा सञ्चालन गरिएको थियो ।

| क्र.सं. | परामर्श गरिएका पेशा | गण्डकी प्रदेश | | | लुम्बिनी प्रदेश | | | मधेश प्रदेश | | | जम्मा संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १. | डकर्मी तह २ | २ | १६९ | १७१ | ३ | ३१५ | ३१८ | १ | ६४ | ६५ | ६ | ५४८ | ५५४ |
| २. | प्लम्बर तह २ | ० | ७३ | ७३ | ० | १६३ | १६३ | ० | ८७ | ८७ | ० | ३२३ | ३२३ |
| ३. | हाउस पेन्टिङ्ग तह २ | ६ | २७ | ३३ | ० | ० | ० | ० | २२ | २२ | ६ | ४९ | ५५ |
| ४. | वेल्डर तह २ | ० | ६१ | ६१ | ० | ० | ० | ० | ६५ | ६५ | ० | १२६ | १२६ |
| ५. | टाइल मार्बल फिक्सर तह १ | १ | ४० | ४१ | ० | २० | २० | ० | ५ | ५ | १ | ६५ | ६६ |
| ६. | गार्मेन्ट फेब्रिकेटर तह १ | २२ | ५ | २७ | १९ | ३ | २२ | १९ | १६ | ३५ | ६० | २४ | ८४ |
| जम्मा | | ३१ | ३७५ | ४०६ | २२ | ५०१ | ५२३ | २० | २५१ | २७९ | ७३ | ११३५ | १२०८ |



## २) विधागत सीप समितिहरूसँग समन्वय र सहकार्य

उद्योग, व्यवसाय र सङ्घसंस्था लगायतका निजी क्षेत्रहरूसँगको समन्वयमा उड्डयन (Aviation) तथा उत्पादन (Manufacturing) क्षेत्रका दुई वटा विधागत सीप समितिहरू (Sector Skills Committees) गठन गर्ने प्रक्रिया अगाडि बढेको छ। उड्डयन तथा उत्पादन क्षेत्रसँग सम्बन्धित व्यक्ति, उद्योग र संघसंस्थाले समिति गठनका लागि सहमति तथा तदारुकता देखाएका छन्। साथै यसका लागि सदस्यहरूको नाम प्रस्ताव गर्ने कार्य भइरहेको छ।

गठन भइसकेका थप तीन वटा विधागत सीप समितिहरू - कृषि, अटोमोबाइल र आई.सी.टी.ले पनि यस त्रैमासिकमा आ-आफ्नो समितिको बैठक आयोजना गरी आफ्ना क्षेत्रीय नक्सा तयार गरेका छन्। यस अभ्यासले समग्र क्षेत्रको खाका तयार गर्छ र राष्ट्रिय योग्यता मापदण्ड (NCS) तयार गर्नका लागि प्राथमिक पेशाहरू पहिचान गर्न मद्दत गर्दछ।

यी विधागत सीप समितिहरूले श्रम बजारको माग र त्यसका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) सँग सम्बन्धित निकायले चाल्नुपर्ने नीतिगत एवं कार्यक्रमगत कदमका बारेमा निरन्तर जानकारी दिन सक्छन्। यसका साथै विधागत सीप समितिहरूले सम्बन्धित उद्योग व्यवसायको सीपसँग सम्बन्धित विधागत नक्साङ्कन (Sectoral Mapping) तयार गर्ने र त्यही नक्साङ्कनका आधारमा राष्ट्रिय सीप प्रमाणिका र पाठ्यक्रम तयार गर्ने कार्यमा सहयोग गरिरहेका छन्। अन्य देशहरूको असल अभ्यासलाई अनुकरण गर्दै परियोजनाले यी समितिहरूलाई रोजगारदाताहरूका संघ संस्थाहरूसँग जोड्ने प्रयास गरिरहेको छ। जसले गर्दा यी संरचनाको दिगोपना र प्रभावकारितामा वृद्धि हुनेछ।

## ३) राष्ट्रिय दक्षता मापदण्डका आधारमा पाठ्यक्रमहरूको विकास

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमका पाठ्यक्रमहरू राष्ट्रिय दक्षता मापदण्ड (National Competency Standards) को आवश्यकता अनुरूप विकास गर्न आवश्यक छ भन्ने मान्यता अन्तर्गत क्रियाकलापहरूलाई अगाडि बढाउनका लागि होटेल व्यवस्थापनमा NCS को आधारमा परिक्षण (Piloting) गर्ने सहमति भएको छ। यस निर्णयबाट प्रि-डिप्लोमा तह, डिप्लोमा/प्रमाण-पत्र तह र छोटो अवधिका सीपमूलक तालीम कार्यक्रमका पाठ्यक्रमहरूको वर्तमान पाठ्यक्रमलाई NSTB मा उपलब्ध NOSS वा NCS सँग तुलना गर्न र नेपाल व्यावसायिक योग्यता प्रारूप (NVQF) का आधारमा प्रि डिप्लोमा, डिप्लोमा र विश्वविद्यालय तहबीचको पारगम्यता (Permeability) लाई कार्यान्वयन गर्नका लागि माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री स्तरीय निर्णयबाट प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का उपाध्यक्षज्यूको संयोजकत्वमा एक कार्यदल गठन गरिएको छ। यस कार्यदलले प्रि-डिप्लोमा र डिप्लोमा तहका वर्तमान पाठ्यक्रममा सुधार गरी मोड्युलर आधारमा कार्यान्वन गर्ने कार्यका लागि गति प्रदान गर्नेछ जसले गर्दा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमका कार्यक्रमहरूमा युवाहरूको थप आकर्षण बढ्ने अपेक्षा गरिएको छ।

## ४) अनलाइन माध्यम मार्फत सीप परीक्षण

राष्ट्रिय सीप परीक्षण समितिले सीप परीक्षणको नतिजा छिटो छरितो रूपमा प्रकाशन गर्न सैद्धान्तिक परीक्षाहरू (Theory Test) क्रमशः Online माध्यमबाट गर्ने निर्णय बमोजिम कम्प्युटर



साक्षरतासँग सम्बन्धित कम्प्युटर अपरेटर, नेटवर्क टेक्निसियन, हार्डवेयर टेक्निसियन लगायत Enterprise Development Facilitator, Early Childhood Development Facilitator, Beautician, Cell/Mobile Phone Repair Technician आदि पेशा/व्यवसायहरूको सीप परीक्षण अन्तर्गत सैद्धान्तिक परीक्षा क्रमशः Online माध्यमबाट शुरु गर्ने र यसका लागि आवश्यक पर्ने परीक्षण सामग्री तयार गर्ने प्रक्रिया अगाडि बढाएको छ।

### ५) क्षमता अभिवृद्धि कार्यक्रम

कोलम्बो प्लान स्टाफ कलेज (CPSC), फिलिपिन्सद्वारा आयोजित Developing National Competency Standards and Competency Assessment Tools for NVQS, Nepal विषयक तालीम कार्यक्रममा CTEVT/NSTB बाट आठ जना, निजी क्षेत्र बाट दुई जना र NVQS परियोजनाबाट एक जना गरी जम्मा ११ जना सहभागी भएका थिए। तालिमको दोस्रो चरणको रूपमा सहभागीहरूले NCS र मूल्याङ्कन उपकरणहरू विकास गरेका छन् र प्रमाणीकरणका लागि पेश गरेका छन्।

### ६) परियोजना सल्लाहकार समितिको बैठक आयोजित

NVQS P–II को परियोजना सल्लाहकार समिति (PAC) को बैठक मिति २०८०/४/२० मा आयोजना गरिएको थियो। सल्लाहकार समितिको बैठक ३ महिनामा एक पटक वा आवश्यकता अनुसार सो भन्दा छिटो गर्न सकिने व्यवस्था रहेको छ। उक्त बैठकमा क्षमता अभिवृद्धि कार्यक्रममा सहभागी मानव संसाधनलाई सम्बन्धित तालीमसँग मेल खाने काममा नै प्रयोग गर्न CTEVT/NSTB लाई ध्यानाकर्षण गर्ने, राष्ट्रिय योग्यता प्रणालीको मान्यता र स्वीकार्यताका लागि विभिन्न मन्त्रालय, लोक सेवा आयोग तथा विश्वविद्यालयहरूसँग छलफल र अन्तरक्रिया गर्ने जस्ता महत्वपूर्ण विषयहरूमा छलफल गरिएको थियो। साथै परियोजनाको मध्यकालीन समीक्षामा उल्लेखित सिफारिसहरूको विषयमा पनि छलफल तथा बहस गरिएको थियो।

## इन्स्योर परियोजना

दिगो तथा सम्मानित रोजगारीका लागि सीप (ENSSURE) परियोजनाको दोस्रो चरण अन्तर्गत औद्योगिक प्रशिक्षार्थी कार्यक्रमका लागि आवेदन फाराम सङ्कलन गर्न चिया संघ-१७, CIM/SDU–23 र क्यान मोरङ-३, क्यान झापा-१०, अटो एसोसिएसन-८ गरी ६१ जना प्रतिनिधि सहित उद्योगहरूको भ्रमण गरिएको थियो। ठूला उद्योगहरू प्रगति टेक्सटाइल-१३००, रिलायन्स स्पिनिङ मिल्स-४०००, अरिहन्त मल्टिफाइबर-४५००, सीजी फुड इन्डस्ट्रिज-४००, एशियन ब्याट्री-३५० को भ्रमण गरेर औद्योगिक प्रशिक्षार्थी कार्यक्रमको अवसरबारे मानव संसाधन प्रबन्धक र पर्यवेक्षकहरूसँग छलफल गरिएको थियो। प्राविधिक शिक्षालयहरू, लक्षित समुदायहरू, समुदायमा आधारित संस्था, युवा क्लब/सञ्जाल, सहकारी र अनाथालय, वडा कार्यालयहरूसँग समन्वय गरी आउटरिच गतिविधिहरू सञ्चालन गर्ने सम्झौता भएको छ। नाडा अटोमोबाइल्स एशोसिएसन अफ नेपाल र इन्स्योर परियोजनाबीच TVET क्षेत्रमा संलग्नताका लागि एक सम्झौतामा हस्ताक्षर भएको छ। RHAN र बछौली माध्यामिक विद्यालयबीच अन्तरक्रिया बैठक आयोजना गरिएको थियो। परियोजनाको तर्फबाट बागमती प्रदेशमा २ वटा प्राविधिक विद्यालयहरू, लुम्बिनी प्रदेशमा १४ वटा प्राविधिक विद्यालयहरू र कोशी प्रदेशमा Hire an Apprenticeship Day संचालन गर्न परियोजनाले सहयोग गरेको थियो। तीन वटा प्रदेशका सीप विकास इकाई संयोजकहरूका लागि काठमाण्डौमा अन्तरक्रिया कार्यशाला संचालन गरिएको थियो। सामाजिक विकास मन्त्रालयहरूले पेश गरेका सबै विद्यालयहरूका लागि प्रशिक्षण पूर्व अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको थियो। औद्योगिक प्रशिक्षार्थी कार्यक्रम सञ्चालन गर्न नयाँ विद्यालयहरूको सम्भाव्यता अध्ययन र औद्योगिक प्रशिक्षार्थीको कोटा निर्धारण गरिएको छ। औद्योगिक प्रशिक्षार्थी कार्यक्रमका लागि कोशी प्रदेशमा ७०६, बागमतीमा ५०३, र लुम्बिनीमा ८१६ युवाबाट आवेदन फाराम संकलन भएको छ।

व्यावसायिक तालीम (कार्यगत अभ्यास सहितको तालीम) र औद्योगिक प्रशिक्षार्थी कार्यक्रमको स्नातकहरूको ट्रेसर अध्ययन सम्पन्न गरिएको थियो। औद्योगिक प्रशिक्षार्थी साझेदार उद्योगहरूको सन्तुष्टी स्तरको सर्वेक्षण गरिएको थियो। व्यावसायिक तालीम (कार्यगत अभ्यास सहितको तालीम) सञ्चालनका लागि ३ नगरपालिका (घोराही, कोहलपुर र ठाकुरबाबा) मा तालीमको पेशा छनोट कार्यक्रम संचालन गरिएको थियो। दिगो तथा सम्मानित रोजगारीको लागि सीप परियोजना र राष्ट्रिय सीप परीक्षण समिति, सानोठिमी, भक्तपुरबीच व्यावसायिक तालीम (कार्यगत अभ्यास सहितको तालीम) मा सहभागी प्रशिक्षार्थीहरूको सीप परीक्षण गर्ने प्रयोजनार्थ दुबै पक्ष सहमत भई सम्झौता भएको छ।

सीप स्तरोन्नति तालिम (Skill Upgrading Training) प्रशिक्षणको लागि ऊर्जा दक्षता (विद्युत र थर्मल) मा दुई पाठ्यक्रम सामग्री विकास गरिएको छ । इन्स्ट्रुमेन्टल अपरेटर कार्यक्रमको लागि सामग्री परिमार्जन गरिएको छ । २० जना सहभागीहरूलाई उपकरण सम्बन्धी SUT प्रशिक्षण प्रदान गरिएको छ । अन्य २१ जना सहभागीलाई इन्स्ट्रुमेन्टेसनमा SUT तालिम शुरु गरिएको छ। बोयलर अपरेटर तालीम सञ्चालनको तयारी भइरहेको छ। ऊर्जा दक्षता तालीम भइरहेको छ। ओएचएस सल्लाहकार (दिनेश शाह) र मानव संसाधन सल्लाहकारसँग सम्झौताको तयारी भइरहेको छ। चेम्बर अफ इन्डस्ट्रिज, मोरङ्गमा छाला अपरेटर, इन्स्ट्रुमेन्टल अपरेटर र पीएलसी अपरेटरहरूका लागि सीप स्तरोन्नति तालिम (SUT) पूरा भयो ।

परियोजनाले वृत्ति मार्गनिर्देशन सेवा केन्द्र स्थापना र सञ्चालन गर्न तथा प्राविधिक सहयोग प्रदान गर्न ग्लोकल प्रा.लि.सँग सम्झौता गरेको छ। शैक्षिक तालीम केन्द्र, धुलिखेलमा बागमती प्रदेशको वृत्ति मार्गनिर्देशन सेवा केन्द्र स्थापना गरिएको छ। केन्द्रमा वृत्ति मार्गनिर्देशन सल्लाहकारको पनि व्यवस्था गरिएको छ। बागमती प्रदेश, शिक्षा विकास निर्देशनालयले सामाजिक विकास मन्त्रालय, शैक्षिक तालीम केन्द्र, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाईका ३० जना सहभागीलाई वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी अभिमुखीकरण आयोजना गरेको थियो । कोशी प्रदेशले मोरङको शैक्षिक तालीम केन्द्रको पुरानो स्थानलाई वृत्ति मार्गनिर्देशन सेवा केन्द्रका लागि छनोट गरेको छ। लुम्बिनी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको समन्वयमा वृत्ति मार्गनिर्देशन सेवा केन्द्रको कार्यविधिको मस्यौदा बनाइएको छ।

विद्यालयमा उपलब्ध गराइने वृत्ति मार्गनिर्देशन सेवाको कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनका लागि सामग्री तयार गरिएको छ। स्थानीय नगरपालिकाले दुहवी, विराटनगर, रामधुनी, बुढीगंगा र सूर्योदय नगरपालिकामा ८ कक्षाको पाठ्यक्रममा समावेश गरिने वृत्ति मार्गनिर्देशन सम्बन्धी विषयवस्तु भएको स्थानीय पाठ्यक्रमलाई अन्तिम रूप दिएका छन्। नागार्जुन नगरपालिकाले स्थानीय रोजगारदाता र उद्यमीहरूसँग जोडिएका विद्यार्थीहरूलाई नियमित रूपमा वृत्ति मार्गनिर्देशन सेवा उपलब्ध गराउन १२ वटा विद्यालयहरूमा वृत्ति मार्गनिर्देशन इकाई स्थापना गर्ने निर्णय गरेको छ।

बागमती प्रदेश सरकार र नगरपालिकाहरूको समीक्षा र योजना कार्यशाला आयोजना गरिएको थियो । तीन वटै प्रदेशका नगरपालिकाहरूसँग खरिद प्रक्रिया कार्यशाला आयोजना गरिएको थियो। खरिद परामर्शदाता, PPMO प्रतिनिधि र FCGO प्रतिनिधिलाई आमन्त्रित गरी स्थानीय सरकारका परियोजना फोकल पर्सन, लेखापाल र इन्जिनियरहरूका लागि खरिद कार्यशाला सञ्चालन गरिएको हो।



# क्वालिटी परियोजना

## स्तर निर्धारण सम्बन्धी कार्यशाला सम्पन्न

युवाहरूकालागि गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम (क्वालिटी) परियोजनाको वार्षिक कार्यक्रम अन्तर्गत सामाजिक विकास तथा शिक्षा सम्बन्धी मन्त्रालयको नेतृत्वमा विभिन्न प्रदेशहरूमा प्राविधिक शिक्षण संस्थालाई स्तर निर्धारणका लागि सबलीकरण विषयक कार्यशाला सम्पन्न भयो । कार्यशालाको उद्देश्य परियोजना अन्तर्गत छनोट गरिएका शिक्षण संस्थाहरूलाई स्तर निर्धारण प्रक्रियाका बारेमा अभिमुखीकरण गर्ने र स्व-मूल्याङ्कन गरी शिक्षण संस्था सुधार योजना लागू गर्ने तथा स्तर निर्धारण प्रक्रिया कार्यान्वयन गर्न सहयोग गर्ने थियो ।

कार्यशालामा परियोजना अन्तर्गत छनोट भएका शिक्षणसंस्थाका प्राचार्यहरू र प्राविधिक संयोजकहरू तथा उक्त शिक्षण संस्थाहरू रहेको स्थानीय पालिकाका शिक्षा शाखा प्रमुखहरूको सहभागिता रहेको थियो । कार्यक्रममा नेपालको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम प्रणाली, क्वालिटी परियोजना, प्राविधिक शिक्षामा गुणस्तर सुधार तथा स्तर निर्धारणको आवश्यकता तथा स्तर निर्धारणका मापदण्डहरू, स्व-मूल्याङ्कनको ढाँचा र शिक्षण संस्थाको सुधार योजना निर्माण तथा कार्यान्वयन सम्बन्धमा बेग्लाबेग्लै प्रस्तुतीकरण गरिएको थियो । परिषद् कार्यालयका निर्देशक, सम्बन्धित प्रदेशका सामाजिक तथा शिक्षा सम्बद्ध मन्त्रालयका सचिव, उपसचिव, शाखा प्रमुख र अन्य कर्मचारीहरू एवं परियोजना सहयोग इकाईका प्रमुख तथा कर्मचारीहरूको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा स्तर निर्धारणका मापदण्डहरू र प्रत्येक मापदण्डका लागि तयार गरिएका सूचकहरूको बारेमा विस्तृत छलफल गरिएको थियो ।

पहिलो चरणमा मिति २०८० आश्विन १८ देखी आश्विन २५ गतेसम्म बागमती, सुदूरपश्चिम र मधेश प्रदेशमा सञ्चालित जम्मा ५ वटा कार्यशालाहरूमा १०० वटा शिक्षण संस्थाका प्राचार्य र प्राविधिक बिषयका संयोजक गरी २०० जना र पालिका अन्तर्गतका शिक्षा शाखा प्रमुखहरूबाट ४० जनाको सक्रिय सहभागिता रहेको थियो । यस अभिमुखीकरण कार्यक्रमका सहभागीहरूबाट आफ्ना शिक्षण संस्थाहरूको अवस्थाको स्व-मूल्याङ्कन गर्न, शिक्षण संस्था सुधार योजना बनाई कार्यान्वयन गर्न र गुणस्तरमा सुधार गरी स्तर निर्धारण गराउन मद्दत पुऱ्याउने अपेक्षा गरिएको छ ।



# सुम्निमा बहुप्राविधिक शिक्षालय, भोजपुर

सुम्निमा बहुप्राविधिक शिक्षालय प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को आंगिक शिक्षालय हो। यस शिक्षालयको स्थापना वि.सं. २०६९ सालमा भोजपुर जिल्ला, भोजपुर नगरपालिका, वडा नं-०६, देउरालीमा भएको हो । स्थापनाकालदेखि नै यस शिक्षालयमा डिप्लोमा तह अन्तर्गत सिभिल इन्जिनियरिङ्ग र कृषि (बाली विज्ञान) कार्यक्रमहरू संचालन हुदै आइरहेकोमा वि.सं. २०८० सालबाट डिप्लोमा तहको कृषि (पशु विज्ञान) कार्यक्रम पनि संचालनमा आएको छ । यसका अतिरिक्त विशेष छात्रवृत्ति कार्यक्रम अन्तर्गत वि.सं. २०७७ सालबाट डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग र वि.सं. २०७८ सालबाट डिप्लोमा इन एग्रिकल्चर (बाली विज्ञान) कार्यक्रमहरू तथा सम्बन्धित पेशा व्यवसायमा छोटो अवधिका सीपमूलक तालीम कार्यक्रमहरू समेत संचालन हुँदै आइरहेका छन् । साथै यस शिक्षालयमा मिति २०७८/०६/१९ गतेदेखि राष्ट्रिय सीप परीक्षण समितिद्वारा प्रमाणीकृत सीप परीक्षण केन्द्रको रूपमा कृषि प्राविधिक, जेटिए कृषि, ब्रिक लेयर मेसन, फर्निचर मेकर, प्लम्बर, स्टोन लेयर मेसन र बिल्डिङ इलेक्ट्रिसियन गरी जम्मा ७ वटा पेशा/व्यवसायहरूको सीप परीक्षण हुने व्यवस्था समेत भएको छ ।

जम्मा ४० रोपनी क्षेत्रफलमा रहेको यस शिक्षालयमा सुविधासम्पन्न कक्षाकोठा, सिभिल इन्जिनियरिङ्ग तथा कृषिसँग सम्बन्धित ल्याब, उपकरण, वर्कसप, खेल मैदान, दक्ष प्रशिक्षकका साथै शिक्षण प्रशिक्षणका लागि उपयुक्त शैक्षिक वातावरण रहेको छ । यस शिक्षालयले विद्यार्थीहरूको पठनपाठनलाई प्रभावकारी बनाउन तथा निरन्तर सहजीकरणको लागि Placement & Career Counselling Unit (PCCU), Gender Equality and Social Inclusion (GESI) Unit, Management Information System (MIS) Unit, Business Incubation Center (BIC) तथा सिक, कमाउ र तिरको अवधारणा कार्यान्वयनका लागि Production Unit को स्थापना गरी संचालनमा ल्याएको छ ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका अनुसार प्रवेश परीक्षाको योग्यता क्रमका आधारमा सिभिल इञ्जिनियरिङ्गमा ४८ जना तथा कृषि (बाली विज्ञान) र कृषि (पशु विज्ञान) कार्यक्रमहरूमा ४०/४० जना प्रशिक्षार्थीहरूले यो शिक्षालयमा अध्ययन गर्ने अवसर प्राप्त गर्नेछन् । यस शिक्षालयमा सञ्चालन गरिने कार्यक्रमहरूको कोटा विवरण तल उल्लेखित तालिकामा दिइए अनुसार रहेको छ ।



| कार्यक्रम अनुसार कोटा विवरण | | | |
|---|---|---|---|
| कोटाको शीर्षक | कार्यक्रम र कोटा | | |
| | कृषि (बाली विज्ञान) | कृषि (पशु विज्ञान) | सिभिल इन्जिनियरिङ्ग |
| **क) नि:शुल्क कोटा** | | | |
| १. वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति | ३ | ३ | ४ |
| २. जेहेन्दार छात्रवृत्ति | १ | १ | १ |
| ३. परिषद् कर्मचारी परिवार | १ | १ | १ |
| **ख) पूर्ण शुल्कीय कोटा** | | | |
| १. भोजपुर जिल्लाभरीका नगरपालिका/गाउँपालिका | १२ | १२ | १६ |
| २. प्रि-डिप्लोमा | ४ | ४ | ५ |
| ३. लक्षित वर्ग | ४ | ४ | ५ |
| ४. खुल्ला | १५ | १५ | १६ |
| **जम्मा कोटा संख्या** | ४० | ४० | ४८ |
| **तीन वर्षको जम्मा शुल्क रु. ५०,०००/– मात्र** | | | |



# पशु सेवा सहायकदेखि पशु चिकित्सक अधिकृत आठौंसम्मको सफल यात्रा

सबै पाठकहरूलाई नमस्कार । मेरो नाम हंसरानी सम्बाहाम्फे हो । मेरो ठेगाना पाँचथर जिल्ला, कुम्मायक गाउँपालिका-३ (साबिक रानीगाउँ गा.वि.स.-४) हो । मेरो शैक्षिक पृष्ठभूमि उल्लेख गर्दा मैले श्री पृथ्वी माध्यमिक विद्यालय, यासोक, पाँचथरबाट २०४८ सालमा एस.एल.सी. परीक्षा पास गरेको हुँ । एस.एल.सी. परीक्षा पास भएपछी संयोगबस बागवानी अधिकृत श्री अर्जुन कुमार राईज्यूसँग मेरो भेट भयो । कुराकानीको क्रममा वहाँले धनकुटामा कृषि सम्बन्धी तालीम खुलेको र उक्त तालीम लिनको लागि सल्लाह दिनु भएको थियो । वहाँले कृषि सम्बन्धी तालीम लिएपछि जागिर पाइन्छ भन्ने कुरा पनि बताउनु भएको थियो । वहाँकै सल्लाह अनुसार मैले उत्तरपानी प्रविधिक शिक्षालय, धनकुटाबाट प्राविधिक शिक्षाको यात्रा शुरु गरें ।

उत्तरपानी प्राविधिक शिक्षालय, धनकुटामा पढ्नको लागि नेपालको पूर्वी पहाडी ७ जिल्लाबाट विद्यार्थीहरूको छनौट हुन्थ्यो । फाराम भर्नको लागि १० कक्षा पास गरेको शैक्षिक योग्यता हुनुपर्दथ्यो । मैले पनि उक्त शिक्षालयमा आवेदन दिएँ र म छनौट पनि भएँ । पहिलो पटक घरबाट बाहिर जानु पर्ने भएकोले छनौट भएपछि उक्त शिक्षालयमा जान समस्या पऱ्यो । त्यतिबेलासम्म उत्तरपानी प्राविधिक शिक्षालय कहाँ पर्छ भन्ने कुराको यकिन जानकारी थिएन । तर धनकुटामा भएकी मेरी दिदीले मद्दत गर्नु भयो, मलाई शिक्षालयसम्म पुऱ्याई दिनु भयो । म त्यहाँ ३ महिने कृषिको तालीम लिन पाइन्छ भनेर पुगेको थिएँ तर शिक्षालय पुगेको दोस्रो दिन ओरियन्टेसन क्लासमा मात्र थाहा भयो कि तालीमको अवधि अवधि २ वर्ष र ६ महिना पो रहेछ । उक्त दिनको ओरियन्टेसन क्लासमा मैले On–the–job Training का बारेमा बुझ्ने मौका पाएँ । त्यहाँ बस्दा मैले पाउने सुविधाहरू र शिक्षालयमा पालना गर्नुपर्ने नियमहरूका बारेमा पनि अवगत भयो ।

उत्तरपानी प्राविधिक शिक्षालयमा सिकेका सीपहरू मेरो जीवनमा सबैभन्दा उपयोगी साबित भएका छन् । जीवन जिउनको लागि आवश्यक धेरै कुराहरू सिक्ने मौका पाएँ । त्यहाँका सबै भन्दा राम्रा पक्षहरू भन्नु पर्दा सामूहिक खानपिन, प्रशिक्षकहरूले गर्ने समान व्यवहार, मायाँ, हेरविचार थिए । त्यहाँको शिक्षण सिकाइमा २० प्रतिशत सैद्धान्तिक र ८० प्रतिशत व्यावहारिक अभ्यास हुने गर्दथ्यो । शिक्षालयको हाता भित्र रहँदा पलना गर्नुपर्ने नियमहरू असाध्यै सान्दर्भिक थिए । यस्तो वातावरणमा सिकेको हुनाले त्यहाँबाट अध्ययन पूरा गरेपछि आफूलाई एक सक्षम योद्धा जस्तो आभास भएको थियो ।



पहिलो वर्ष बाली विज्ञान र पशु विज्ञान दुवै पढ्नु पर्थ्यो।शिक्षालयको नियम अनुसार बिहान र बेलुकी जुनसुकै शाखामा पनि डिउटी गर्नु पर्दथ्यो । त्यस बाहेक होस्टल, क्याफ्टेरियामा पनि डिउटी पर्दथ्यो । आफूलाई परेको डिउटी गर्दा अपनाउनु पर्ने सावधानी र अनुशासनलाई कडाइकासाथ पालना गर्नु पर्दथ्यो । यसै सन्दर्भमा राम्रो डिउटी गरेकोमा हुँदा मलाई शिक्षालयले पुस्कार समेत प्रदान गरेको थियो । साथै अनुशासित प्रशिक्षार्थीको रूपमा पनि मैले पुरस्कार पाएको थिएँ । शिक्षालयबाट मिलेको त्यो हौसलाले गर्दा मलाई अहिलेसम्म पनि अनुशासन र इमान्दारिता नै जीवनको सम्पती हो भन्ने लाग्छ ।

दोस्रो वर्षमा गएपछि बाली विज्ञान र पशु विज्ञान समूहमा विभाजित भएर पढ्नु पर्ने भएकोले मैले पशु विज्ञान लिएँ । पशु विज्ञान विषय मेरो असाध्यै रुचीको विषय थियो । त्यस समयमा छात्राहरूले पशु विज्ञान विषय पढ्नलाई रुचाउदैनथे । हामी ४१ जना प्रशिक्षार्थीहरू मध्ये १२ जना छात्रा थियौं तर २ जना छात्राले मात्र पशु विज्ञान विषय पढ्न रोज्यौं । त्यस समयमा प्रविधिको विकास अहिले जस्तो नभएकोले र सामाजिक रूपले हेर्ने दृष्टिकोणको कारणले पनि पशु विज्ञान छात्राहरूको लागि चुनौतीको विषय थियो । उत्तरपानी प्राविधिक शिक्षालयमा २ वर्ष अध्ययन गरे पश्चात् पाखिबास कृषि अनुसन्धान केन्द्रमा शिक्षालयले On–the–job Training को लागि पठाएको थियो । त्यहाँ धेरै कुराहरू सिक्ने मौका पाएको थिएँ । त्यस समयमा पाखिबास कृषि अनुसन्धान केन्द्रले पाखिबास कालो बंगुर र गिरिराज कुखुराको विकास गरिसकेको थियो र अंगोरा जातको खरायोको परीक्षण गरिरहेको थियो ।

On–the–job Training सम्पन्न गरे पछि केही समय मैले भेटेरिनरी क्लिनिकमा काम गरें । भेटेरिनरी अभ्यास मेरो असाध्यै रुचीको विषय भएकोले लगभग ३ वर्षभन्दा बढी समय काम गरें । त्यसपछि २०५४ सालमा उत्तरपानी प्राविधिक शिक्षालयमा जे.टी.

कोर्ष पढ्नको लागि भर्ना खुल्यो र प्रवेश परीक्षामा सफल भएपछि १ वर्षको लागि अध्ययन गर्न गई २०५५ सालमा अध्ययन पूरा गरें ।

अध्ययन पूरा गरेपछि कैलाली जिल्लाको टीकापुरमा रहेको सिटिइभिटीबाट सम्बन्धन प्राप्त टेक्निकल स्कूलमा प्रशिक्षकको रूपमा १ वर्ष काम गरें । त्यहाँ काम गर्दागर्दै साबिकको बागमती अञ्चलको लोक सेवा आयोगको कार्यालयबाट नायब प्राविधिक सहायक पदमा २०५६ सालमा सिफारिस भएपछि मेरो निजामती सेवाको यात्रा शुरू भयो । वि.सं. २०५६ सालदेखी २०५९ सालसम्म जिल्ला पशु सेवा कार्यालय, काठमाण्डौमा काम गरें । त्यसपछि साविकको सुदूरपश्चिमान्चलको डोटीमा रहेको लोक सेवा आयोगको कार्यालयबाट पशु स्वास्थ्य प्राविधिक पदमा बढुवा भएपछि जिल्ला पशु सेवा कार्यालय बझाङ्गमा मेरो पदस्थापना भयो । वि.सं. २०५९ सालदेखि २०६१ सालसम्म बझाङ्ग बसाइको अनुभव जीवनको यात्रामा अविस्मरणीय बन्न पुग्यो । बझाङ्ग पुगेपछि सबैभन्दा पहिला मैले सामना गर्नु परेको चुनौती त्यहाँ बोलिने स्थानीय बझाङ्गी भाषा थियो । त्यहाँका अधिकांश महिलाहरूले बझाङ्गी भाषा मात्र बोल्ने रहेछन् । त्यस समयमा बझाङ्ग जिल्लामा माओवादी आन्दोलनको प्रभाव परेको थियो । सदरमुकाम चैनपुरमा विद्रोही पक्षले नाकाबन्दी लगाएको थियो भने राज्य पक्षले बेलुकी ६ बजेदेखी बिहान ६ बजेसम्म कर्फ्यू लगाएको थियो । जेजस्तो अवस्था भएता पनि बझाङ्गको बसाइमा मैले त्यहाँको स्थानीय भाषा सिक्ने मौका पाएको थिएँ र आफूले पढाइको दौरानमा नपढेका तथा अभ्यास नगरेका पशु उपचारका महत्वपूर्ण विधिहरू समेत सिक्ने सुवर्ण मौका पाएको थिएँ ।

त्यसपछि २०६१ सालमा बझाङ्गबाट सरुवा भई पशु स्वास्थ्य निर्देशनालय, त्रिपुरेश्वरमा २०७१ सालसम्म काम गर्ने अवसर पाएँ । यस अवधिमा काठमाण्डौ शिक्षा क्याम्पसबाट मैले रात्री समयमा सञ्चालन हुने कक्षामा अध्ययन गरी स्वास्थ्य शिक्षा कार्यक्रममा B.Ed. र M. Ed. समेत पूरा गरें ।

वि.सं. २०७१ सालमा नेपाल सरकारले कृषि पशु विज्ञान विषयमा जे.टी. कोर्ष अध्ययन गरी सरकारी सेवामा ५ वर्ष कार्य अनुभव भएकाहरूलाई कन्भर्जन कोर्ष ६ महिना गरी ब्याचलर अफ टेक्निकल एजुकेशन लाइभस्टक एक्सटेन्सन पढ्न पाउने अवसर प्रदान गऱ्यो । यो कार्यक्रम काठमाण्डौ विश्वविद्यालयबाट सम्बन्धन प्राप्त प्राविधिक प्रशिक्षण प्रतिष्ठान, सानोठिमी, भक्तपुरमा सञ्चालन हुने भयो र उक्त कार्यक्रममा अध्ययनको लागि म पनि छनौट भएँ । बी.टेक.एड. लाइभस्टक एक्सटेन्सन पढ्दा पढ्दै कृषि तथा पशुपन्छी विकास मन्त्रालयको निर्णय अनुसार २०७६ सालमा पशु चिकित्सक पदमा म बढुवा भएँ । त्यसपछि राज्य पुनर्संरचनाको क्रममा म बागमती प्रदेशको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, हेटौंडामा पशु चिकित्सक अधिकृतस्तर सातौँ पदमा समायोजन भएँ । त्यस निर्देशनालयमा २०७६ सालबाट २०७८ सालसम्म कार्य गरे पश्चात् हाल पशु सेवा तालीम केन्द्र, लगनखेल, ललितपुरमा पशु चिकित्सक अधिकृतस्तर आठौँको रूपमा कार्यरत रहँदै आएकोछु ।

व्यक्तिगत जीवनका बारेमा भन्नु पर्दा उत्तरपानी प्राविधिक शिक्षालयमा पहिलो वर्षमा अध्ययनरत रहँदा मेरो वैवाहिक जीवन शुरू भएको थियो । हाल आएर मेरो १ जना छोरा छ । मेरो आमा बुबाका सन्तानहरूमा २ जना छोरा ७ जना छोरीहरू मध्ये आठौँ सन्तानको रूपमा मेरो जन्म भएको हो ।

आत्मविश्वासका साथ लगनशील भएर कार्य गर्दै जाने हो भने गर्न नसकिने केही हुँदैन । प्रयास गऱ्यो भने सफल भइन्छ भन्ने सन्देश दिदैं हाम्रो जस्तो अल्पविकसित देशको लागि प्राविधिक शिक्षा पढेर स्वरोजगार तथा आत्मनिर्भर भई परिवार र देशको आर्थिक विकासमा ठूलो टेवा पुग्ने हुँदा प्राविधिक शिक्षा पढ्नको लागि भावी पुस्तालाई सुझाव दिन चाहान्छु । मेरो जीवनको बिगत र वर्तमानको यात्रा स्मरण गर्ने अवसर दिनु भएकोमा सिटिइभिटी परिवारलाई हृदयदेखि नै कृतज्ञता ज्ञापन गर्दछु ।



# फोटो फिचर










# फोटो फिचर















